
के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्नेछ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिक)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ३४५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ पुस २९ गते शुक्रबार ❑ 13 Jan. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## सन्दीप लामिछानेलाई २० लाख धरौटीमा थुनामुक्त गर्न आदेश

**रासस**
**काठमाडौं, २८ पुस**

उच्च अदालत पाटनले बलात्कार आरोप लागेका राष्ट्रिय क्रिकेट टोलीका निलम्बित कप्तान सन्दीप लामिछानेलाई रु २० लाख धरौटी बुझाएर थुनामुक्त गर्ने आदेश गरेको छ ।

न्यायाधीश रमेश ढकाल र ध्रुवराज नन्दको इजलासले आज धरौटीमा थुनामुक्त गर्न आदेश गरेको हो । जिल्ला अदालत काठमाडौंको थुनछेक आदेशविरुद्धउच्चअदालतपाटनमा पुनरावलोकनको निवेदन दिइएको थियो ।

उक्त निवेदनमाथिको सुनुवाइमा अदालतले धरौटीमा लिएर थुनामुक्त गर्न भनेको छ । पाटन उच्च अदालतका



रजिष्टार ठगिन्द्र कट्टेलका अनुसार लामिछानेले जिल्ला प्रहरी कार्यालय काठमाडौंको अनुमति लिएर मात्र उपत्यका छाड्नुपर्नेलगायतको निश्चित आचरणमा बस्नुपर्ने अदालतको आदेशमा छ । भोलि बिहानबाट धरौटी बुझाएर थुनामुक्त हुने प्रक्रिया प्रारम्भ हुनेछ ।

गत कात्तिक १६ गते जिल्ला अदालत काठमाडौंमा लामिछानेविरुद्ध परेको मुद्दामा थुनछेक बहस सुरु भएको थियो । लामिछानेका कानुन व्यवसायीले किशोरी नाबालिका नरहेको जिकिर गर्दै आएका थिए । लामिछानेमाथि १७ वर्षीय किशोरीलाई बलात्कार गरेको आरोपमा गत कात्तिक १४ गते काठमाडौं अदालतमा मुद्दा दायर गरिएको थियो । सरकारी वकिल कार्यालयले दर्ता गरेको मुद्दामा लामिछानेलाई १० देखि १२ वर्षसम्म कैद सजाय हुनुपर्ने मागसमेत गरिएको थियो ।

लामिछानेले भने आफूविरुद्ध लागेको बलात्कार आरोप अस्वीकार गर्दै आएका छन् । प्रहरीले गत असोज २० गते लामिछानेलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै पक्राउ गरेको थियो ।

## अख्तियारका पूर्वआयुक्त भ्रष्टाचारको मुद्दामा दोषी ठहर

**रासस**
**पोखरा, २८ पुस**

विशेष अदालत काठमाडौंले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वआयुक्त राजनारायण पाठकलाई भ्रष्टाचारमा दोषी ठहर गर्दै तीन वर्ष तीन महिना कैद गर्ने फैसला सुनाएको छ । विशेष अदालतका अध्यक्ष श्रीकान्त पौडेल, न्यायाधीशहरू यमुना भट्टराई र बलभद्र बास्तोलाको इजलासले आज पाठकलाई दोषी ठहर गर्दै उक्त कैद सजाय र रु ३९ लाख जरिवाना गर्ने फैसला सुनाएको हो ।

अदालतले भ्रष्टाचार निवारण ऐनअनुसार तीन वर्ष र अख्तियारको बहालवाला आयुक्त भएकाले थप तीन महिना कैद गर्ने फैसला सुनाएको हो । अदालतले नेपाल इञ्जिनीयरिङ कलेजका लम्बोदर न्यौपानेलाई तीन वर्ष कैद र रु ३९ लाख जरिवाना गर्ने फैसला सुनाएको छ । पूर्वआयुक्त पाठकले नेपाल इञ्जिनीयरिङ कलेजको जग्गा विवादमा रु ७० लाखभन्दा बढी घुस लिएको खुलासा भएपछि विवाद भएको थियो ।

उक्त प्रकरणबाट बच्नका लागि पाठकले आयुक्त पदबाट राजीनामा दिएका थिए । अख्तियारले राजीनामा दिएपछि पाठकमाथि अनुसन्धान गरी घुस रिसवतमा मुद्दा दायर गरेको थियो । अदालतले बिहीबार दोषी ठहर गरेको हो ।

## गण्डकी महोत्सवमय

**रासस**
**पोखरा, २८ पुस**

यहाँ बुधबार दुई ठूला महोत्सव सुरु भए । गोरखा महोत्सवको प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र पोखरा महोत्सवको गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले शुभारम्भ गर्नुभयो ।

बिहीबारदेखि म्याग्दी महोत्सव सुरु भएको छ । माघे सङ्क्रान्ति पर्वको छेकोमा म्याग्दी उद्योग वाणिज्य सङ्घले महोत्सव आयोजना गरेको हो । तनहुँको दमौलीमा सात दिनयता आदिवासी जनजाति सांस्कृतिक एवं पर्यटन महोत्सव जारी छ । पर्वत उद्योग वाणिज्य सङ्घ सातौं पर्वत महोत्सव आयोजनाको सङ्घारमा जुटेको छ । माघ ११ देखि २१ सम्म उक्त महोत्सव सञ्चालन हुनेछ । पोखराको लेखनाथ महोत्सवले आफ्नो १८औं संस्करण हाले पूरा गरेको छ । लेखनाथ उद्योग वाणिज्य सङ्घको आयोजनामा यही पुस ७ देखि १८ गतेसम्म महोत्सव चलेको थियो । चाडपर्वका मौकामा गाउँघरमा आयोजना गरिने स-साना मेला, उत्सवले पनि उस्तै रौनक थपिरहेका छन् । माघेसङ्क्रान्ति पारेर बागलुङको जैमिनी र पोखराको दुङ्गेसाँघुमा मेला लाग्दैछ । दुवै मेला इतिहास र परम्परासँग जोडिएका छन् । यसै पनि हिउँद मेला, महोत्सवको याम हो । गण्डकी प्रदेशमा पनि यसको लहर छ । अघिल्ला दुई वर्ष कोभिड-१९ महाव्याधिले मेला, महोत्सव ठप्प थिए । स्थिति सहज बनेपछि अहिले महोत्सव आयोजनामा पनि तछाँडमछाड देखिन्छ । महोत्सवको अगुवाइ गर्नेमा व्यवसायी र पर्यटनसम्बद्ध सङ्घसंस्था, स्थानीय क्लबलगायत छन् ।

स्थानीय उत्पादन, खेल, कला, संस्कृति, पर्यटन र व्यवसाय प्रवर्द्धनको ध्येय राखेर महोत्सव हुने गरेका छन् । पोखरा महोत्सवको आयोजक युनाइटेट क्लबका अध्यक्ष राजु श्रेष्ठले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन मेला, महोत्सवले टेवा पुग्ने बताउनुभयो । "महोत्सवले आर्थिक गतिविधि बढ्छ, दर्शकले पनि स्वस्थ मनोरञ्जनको लाभ लिन पाउँछन्", उहाँले भन्नुभयो, "दुई वर्षसम्म कोरोना महामारीले थलिएको व्यवसाय क्षेत्रलाई थोरै भए पनि राहत पुग्छ ।" महोत्सवबाट व्यावसायिक नाफाघाटा मात्र नसोचेर क्लबले सामाजिक उत्तरदायित्व पनि बहन गर्दै आएको उहाँले बताउनुभयो ।

महोत्सवको आम्दानीलाई सेती नदीको संरक्षण, पर्यटन प्रवर्द्धन र न्यून आय भएका परिवारका बालबालिकालाई लक्ष्य गरी आवासीय छात्राबास निर्माणमा लगाइने उहाँको भनाइ छ । महोत्वमा बिक्री हुने प्रत्येक टिकटबाट रु एक सेती नदी संरक्षणका नाममा छुट्याइएको जनाइएको छ ।

माघ ९ गतेसम्म चल्ने महोत्सवमा दुई सय ५८ व्यावसायिक 'स्टल' छन् । तेह्र दिनसम्मको महोत्सवलाई दुई लाख बढी दर्शकले अवलोकन गर्ने आयोजकको आकलन छ । महोत्सव अवधिभर जातीय वेषभूषा, संस्कृति झल्काउने मौलिक झाँकी तथा नाच प्रस्तुत गरिनेछ । औद्योगिक उत्पादन, हस्तकला, सूचना प्रविधिका सामग्रीको प्रदर्शन र बिक्रीकक्ष पनि राखिएको छ ।

महोत्सवमा दैनिकरूपमा कलाकारहरूको साङ्गीतिक प्रस्तुति रहनेछ । रमाइलो बाल उद्यान, विद्यालयस्तरीय लोकनृत्य प्रतियोगिता, हाँस्यव्यङ्ग्य प्रहसन, घोडा सवारलगायत पोखरा महोत्सवका आकर्षणका रूपमा रहेका छन् । म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष बेलबहादुर कटुवालले महोत्सवमा प्रदेशस्तरीय कृषि, पर्यटन तथा औद्योगिक प्रदर्शनीसमेत राखिएको बताउनुभयो । म्याग्दी महोत्सव पनि सातौं संस्करणसम्म आइपुगेको छ ।

बाँकी अन्तिम पृष्ठमा ▶▶


जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं ।
◆सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं ।
◆घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थललगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
◆कुहिने, नकुहिने र पुन:प्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं ।
◆कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं ।
◆नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं ।
◆खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लास्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं ।
*शहर तथा गाउँ स्वच्छ र सफा राखौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड


## विपी स्मृति पुस्तकालय गण्डकी प्रदेशको अध्यक्षमा बास्तोला

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ पुस**

विपी स्मृति पुस्तकालय, गण्डकी प्रदेश बिहीबारदेखि विधिवत दर्ता भएको छ ।

संस्था दर्ता ऐन २०३४ को दफा ४ बमोजिम जिल्ला प्रशासन कार्यालय कास्कीमा संस्था दर्ता गरिएको हो । संस्था दर्ताको प्रमाणपत्र कास्कीका प्रमुख जिल्ला अधिकारी टेकबहादुर केसीले नेपाली कांग्रेस गण्डकी प्रदेशका पार्टी सभापति एवम् पुस्तकालयका संरक्षक शुक्रराज शर्मा, महामन्त्री एवम् संरक्षक विष्णुप्रसाद लामिछाने लगायतको उपस्थितिमा पुस्तकालयका अध्यक्ष एवम् नेपाली काँग्रेस गण्डकीका प्रवक्ता माधवप्रसाद बास्तोला मधुलाई हस्तान्तरण गर्नुभयो । वी.पी.का राजनीतिक एवम् साहित्यिक दस्तावेजसँगै विभिन्न खोज तथा अनुसन्धानात्मक कृतिको संग्रहसँगै प्रदेशकै एउटा अध्ययनको केन्द्रका रुपमा पुस्तकालय सञ्चालन गर्ने लक्ष्य लिइएको पुस्तकालयका संरक्षक



एवम् नेपाली काँग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले जानकारी दिनुभयो । 'पुस्तकालय विपीका सम्बन्धमा शोध तथा अनुसन्धान गर्नेका लागि पनि महत्वपूर्ण गन्तव्य हुनसक्छ', उहाँले भन्नुभयो ।

पुस्तकालयसँगै नेपाली काँग्रेस गण्डकी प्रदेशले स्थापनाको लक्ष्य लिइएको ५० लाख रुपैयाँको अक्षयकोषबाट गण्डकी प्रदेशमा प्रजातन्त्रका लागि विशिष्ट योगदान गर्ने ११ वटै जिल्लाका ११ जनालाई वार्षिक रुपमा २५ हजार रुपैयाँ नगद सहित सम्मान गर्ने लक्ष्य लिइएको नेपाली काँग्रेस गण्डकी प्रदेश समितिका सदस्य एवम् पुस्तकालयका कोषाध्यक्ष शिरोमणि बरालले जानकारी दिनुभयो ।

नेपाली कांग्रेस गण्डकी प्रदेश समितिको अगुवाईमा नेपाली काँग्रेस गण्डकी प्रदेशका पदाधिकारीहरु संरक्षक रहने गरि स्थापित पुस्तकालयको तदर्थ समितिको अध्यक्षमा माधव प्रसाद बास्तोला, प्रा.डा. कुसुमाकर न्यौपाने उपाध्यक्ष, सूर्यबहादुर क्षेत्री सचिव, शिरोमणि बराल कोषाध्यक्ष, कविता तिवारी सहसचिव र सदस्यहरूमा कमल सापकोटा, दीपेन्द्र पराजुली, डा. रघुराज काफ्ले, शोभा अधिकारी, शकुन्तला शर्मा, रमेश अधिकारी, अरुण राज पौडेल, पदमबन्धु पोखरेल, दिपक रेग्मी र पदम श्रेष्ठ रहेका छन् ।

## मगर सांस्कृतिक उत्सवको अन्तिम तयारी

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ पुस**

नेपाल मगर सांस्कृतिक संघ, कास्कीको आयोजनामा हुने "मगर सांस्कृतिक उत्सव-२०७९"को तयारी अन्तिम चरणमा पुगेको छ ।

यही पुस ३० गते शनिबार पोखरा सभागृहमा हुने कार्यक्रमको तयारी अन्तिम चरणमा पुगेको अध्यक्ष सरिता सारू मगरले जानकारी दिनुभयो । असहाय तथा विपन्न परिवारको सहयोगार्थ आयोजित कार्यक्रममा वरिष्ठ लोकगायिका एवं अभिनेत्री कविता आलेमगर र पत्रकार रूद्रबहादुर श्रीसमगरलाई सम्मान गरिन लागेको अध्यक्ष सारूमगरले जानकारी दिनुभयो । त्यसैगरी, कार्यक्रममा चर्चित कलाकारहरू ज्योति मगर, कुमार पुनमगर, गीता पाइजामगर र नवीन रानामगरलगायतका कलाकारको प्रस्तुती समेत रहने भएको छ । उत्सवमा मगर जातिमा प्रचलित घाँटु, सोरठी, कौरा, सालैजोलगायतका सांस्कृतिक प्रस्तुती समेत राखिएको सचिव वसन्ती थापामगरले जानकारी दिनुभयो । सचिव थापामगरका अनुसार सो कार्यक्रमको उद्घाटन गण्डकी प्रदेश सरकारका मन्त्री पञ्चराम गुरुङले गर्नुहुनेछ । कार्यक्रममा खर्च कटाएर बचत भएको रकम असहाय तथा विपन्न परिवारको सहयोगमा खर्च गरिने जनाइएको छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा महोत्सव स्थलबाटै चिडियाखाना अवलोकनको निःशुल्क बसको व्यवस्था

पोखरापत्र संवाददाता
पोखरा, २८ पुस

पोखराको अमरसिंह चौरमा जारी एघारौं पोखरा महोत्सवबाट पोखरामा निर्माणाधिन चिडियाखानाको अवलोकनको लागि निःशुल्क बसको ब्यवस्था गरिएको छ । महोत्सवमा आउने दर्शकले टिकट काटेर महोत्सवको अवलोकन संगै महोत्सव स्थलबाट दिउसो एकबजे र चार बजे गरी दुई सिफ्टमा निशुल्क बस सेवा उपलब्ध गराइएको महोत्सवका प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए।

महोत्सव प्रवेश टिकटपछि दर्शकले निशुल्क रुपमा बस सेवाको उपलब्ध गराउने र चिडियाखाना पुगेपछि भने दर्शकले टिकट काट्नुपर्नेछ । चिडियाखाना अवलोकनको लागि विद्यार्थीलाई १५ र सर्वसाधारणका लागि २५ रुपैया टिकट लाग्ने समेत प्रचार प्रसार संयोजक सुनारले बताए।



युनाइटेड क्लबले महोत्सवको आयोजना गरी शिक्षा, स्वास्थ्य, खेलकुद र पर्यटन प्रवर्द्धनका लागि पोखरामा खुल्ला चिडियाखाना निर्माणको पहलकदमी थाल्दै आएको र एघारौं संस्करणको पोखरा महोत्सव सम्म आइपुग्दा चिडियाखाना निर्माणको कार्य तीब्र गतिमा वढिरहेको छ। चिडियाखाना अवलोकनमा जाने दर्शकहरुले निलगाइ, हुचिल, इजिप्सियन भल्चर, मृग, बांदर लगायतका जीवजन्तुहरुको अवलोकन गर्न पाउनेछन । महोत्सवको दोश्रो दिन दर्शकहरुको उल्लेख्य सहभागिता रहेको समेत प्रचार प्रसार संयोजक सुनारले जानकारी दिए । महोत्सवमा बिहीबार दर्शकहरुलाइ लोकदोहोरीतर्फ पुरुषोत्तम न्यौपाने, जीवन दाहाल, बबिता बानिया (जेरी), शिवहरी ढुंगाना, कृष्ण सुवेदी, जीवन सिग्देल, प्रदिप त्रिपाठी, दुर्गा क्षेत्री, तुलसा जि.सी. नवराज अधिकारी लगायतले लोकदोहोरी मार्फत मनोरन्जन प्रदान गरेका थिएभने हास्य ब्यङ्ग्य तर्फ कमेडियन जादुगर दिपक थापा मगरले दर्शकहरुलाई भरपुर मनोरन्जन प्रदान गरेका थिए । साँझको कन्सर्ट तथा लाईभ ब्याण्ड तर्फ द स्क्रयाच जर्नीको प्रस्तुती बाट युवाहरुले मनोरन्जन लिएका थिए। महोत्सवमा शुक्रबार लोकदोहोरीतर्फ चन्द्र शर्मा, जीवन दाहाल, कुमार पुन, शिवहरी ढुंगाना, लक्ष्मी नेपाली, इन्द्रा गुरुङ, केशव देवकोटा, रचित पौडेल, तुलसा जिसीको प्रस्तुती रहनेछभने साँझको लाईभ ब्याण्ड तर्फ अभय एण्ड द स्टीम इन्जीन्सको प्रस्तुती रहने प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए।

# एन प्याक्सन कास्कीको २५ औं स्थापना दिवस

पोखरापत्र संवाददाता
पोखरा, २८ पुस

राष्ट्रिय निजि तथा आवसिय विद्यालय एशोसियसन नेपाल कास्कीले (एन प्याक्सन) विविध कार्यक्रम आयोजना गरि २५ औं स्थापना दिवस मनाएको छ।

२५ औं स्थापना दिवस तथा रजत महोत्सवको अवसरमा संस्थामा आवद्ध विद्यालय, २०७८ सालको एसिइमा एन प्याक्सनमा आवद्ध विद्यालयबाट उत्कृष्ट हुने छात्र छात्रालाई सम्मान तथा नयाँ विद्यालयलाई संस्थामा आवद्ध प्रमाण पत्र वितरण गरिएको थियो । कार्यक्रममा २०७८ सालको एसइमा उत्कृष्ट अंक ल्याउने हेम्जा वोर्डिङ स्कूलकी अनिशा दाहाल, वाल प्रतिभा वोर्डिङ स्कूलकी आशिका चपाइ र लेखनाथ मेमोरियल इंगलिस वोर्डिङ स्कूलका सुजल भण्डारीलाई नगद सहित सम्मान पत्रले सम्मान गरिएको थियो । त्यसैगरी एलपी देवकोटा मेमोरियल स्कूल, सिद्धार्थ लवडेल वोर्डिङ स्कूल, अल्फा एकेडेमी, विरेन्द्र मेमोरियल वोर्डिङ स्कूललाई सम्मान गरिएको थियो। रिलायन्स पब्लिक स्कूल, लेकसिटि एकेडेमी र लेभिन रेसिडेन्टल स्कूललाई सदस्यता प्रमाण पत्र प्रदान गरिएको थियो। संस्थाले समाजिक उत्तरदायित्व अन्तर्गत यस वर्ष मानव सेवा आश्रमलाई १ लाख ११ हजर १ सय ११ रुपैया सहयोग गरेको छ । उक्त रकम संस्थाका अध्यक्ष हेमन्त अधिकारीलेले मानव सेवा आश्रम भवन निर्माण समितिका संयोजक विष्णु बराल र अभियान्ता सम्झना वर्तौलालाई हस्तान्तरण गरेका थिए।

त्यस्तै संस्थाले मृगौला पिडित सागर मेमोरियल स्कूलका छात्र आयुष गुरुङलाई उपचार खर्च स्वरुप ९० हजार ५ रुपैया सहयोग गरेको छ । कार्यक्रममा बोल्दै प्रमुख अतिथि शिक्षा विकास निर्देशनालय गण्डकी प्रदेशका निर्देशक अम्बिका प्रसाद आचार्यले निजि विद्यालय र सामुदायिक विद्यालयलाई सरकारले समान दृष्टिकोणमा हेर्ने बताए । 'निजि विद्यालयले शिक्षाको क्षेत्रमा गरेको योगदानको राष्ट्रले उच्च मूल्याङ्कन गर्नुपर्दछ' उनले भने,' केहि समस्या भए समस्या वसेर समाधान गर्नु पर्दछ ।' शिक्षा विकास तथा समन्वय इकाइ कास्कीका प्रमुख नारायण प्रसाद सुवेदीले निजि विद्यालयका समस्या राष्ट्रको पनि समस्या भएकोले ती समस्या हल गर्न सधै तयार रहेको बताए । पोखरा महानगर पालिका शिक्षा महाशाखाका निर्देशक हेमप्रसाद आचार्यले निजि विद्यालयले शिक्षाको क्षेत्रमा गरेको योगदान अतुलनिय रहेको बताए।

राष्ट्रिय परीक्षा वोर्ड गण्डकी प्रदेशका प्रमुख लक्ष्मण देवकोटाले शिक्षालाई सिप र जिविकोपार्जन सँग जोड्न नसके सम्म विद्यार्थी विदेश पलायन हुने समस्या नरोकिने बताए। कार्यक्रममा एन प्याक्सनका केन्द्रीय उपाध्यक्ष याम खड्काले गुणस्तर शिक्षा दिनका लागि एन प्याक्सन सधै लागि परेको बताए । एन प्याक्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा एन प्याक्सन गण्डकी प्रदेशका अध्यक्ष रामबहादुर मोची, प्याक्सन कास्कीका अध्यक्ष मथुरा प्रसाद पौडेल, युनिप्स नेपालका अध्यक्ष सन्तबहादुर गुरुङ, एन प्याक्सन कास्कीका द्धितीय उपाध्यक्ष केशबशरण पौडेल, सचिव मनकाजी गुरुङले बोलेका थिए।

# गण्डकी...

महोत्सवलाई लक्ष्य गरी सदरमुकाम बेनी बजारमा सिँगारेर चिटिक्क पारिएको छ । यसपालि महोत्सवमा रु १० करोडको कारोबार गर्ने लक्ष्य आयोजकले लिएको छ। अध्यक्ष कटुवालका अनुसार दुई सय ५८ व्यावसायिक 'स्टल' छन् । म्याग्दी महोत्सव हेर्न जाने दर्शकले हेलिकोप्टर सयरदेखि कालीलगण्डकी नदीमा जलयात्रासम्मको अनुभव लिन पाउनेछन् । खुला लोकदोहोरी, पालिकास्तरीय भलिबल,लोकनृत्यप्रतियोगिताजस्ता खेल र मनोरञ्जनका गतिविधि महोत्सवका थप आकर्षण हुन्। नेवार समुदायको ऐतिहासिक हनुमान नाचदेखि विभिन्न जातजातिका परम्परा र रीतिरिवाज झल्काउने झाँकी प्रस्तुत गरिनेछ।

म हा े त स व ल े गाउँघरकोसंस्कृतिलाईपनिसहरसम्म ल्याइपुऱ्याउँछ । जातजातिका मौलिक वेषभूषासहितका नाच र झाँकीले महोत्सवमा उल्लास थप्ने गरेको छ । लोपोन्मुख र दुर्लभ संस्कृति महोत्सवमा देखाउन आयोजक आफैँपनि लालयित हुन्छन् । पैसा खर्चेर भएपनि त्यस्ता सांस्कृतिक नाच र झाँकीलाई आयोजकले महोत्सवमा ठाउँ दिइरहेका हुन्छन्। डढुवा दुर्छा लमजुङ तमु समाज, पोखराका सचिव कृपाकुमार गुरुङले पोखरामा हुने हरेक महोत्सवमा गुरुङ संस्कृति देखाउने गरिएको बताउनुभयो । उहाँले अघिल्लो पोखरा महोत्सवमा गुरुङ समुदायको झाँकी पुरस्कृत भएको स्मरण गर्नुभयो । "मेला, महोत्सवले संस्कृति बचाउने काम गरेको छ, आयोजकले आमन्त्रण गरेको ठाउँमा हामी पुग्ने गरेका छौँ",उहाँले भन्नुभयो, "पहिचान, संस्कार र संस्कृतिसँग गाँसिएको कुरालाई मानिसहरू रमाउँछन्, चासोपूर्वक लिन्छन् ।"

उक्त समाजले बुधबार भएको पोखरा महोत्सवको शुभारम्भ समारोहमा गुरुङ समुदायमा प्रचलित 'छ्याडु नाच' देखाएको थियो। छ्याडु दिवङ्गत व्यक्तिका घरमा पितृकार्य चलिरहँदा गरिने संस्कार हो । महोत्सवमा गुरुङसहित, मगर, नेवार, ब्राह्मण, दसनामीलगायतले आफ्नो मौलिक संस्कृतिको प्रदर्शन गरेका थिए । नामैतीदेखि भजनसम्मले महोत्सवस्थल गुञ्जायमान बनेको थियो । "मेलापर्वले एकता र भातृत्वको पनि सन्देश दिन्छ, विभिन्न जातजाति र समुदायका मानिस भेला हुने, चिनजान गर्ने मौका पनि मिल्छ", सचिव गुरुङले भन्नुभयो।



महानगरपालिकाको हलमा कमलपोखरी र काहुँखोलाको चिन्ताः
पोखरा महानगरपालिका वडा नं १३ स्थित कमलपोखरी र काहुँखोलामा वर्षेनी हुने धनजनको क्षति नियन्त्रण कसरी गर्न सकिन्छ भन्ने बारेमा विस्तृत छलफल भएको छ। कमलपोखरीको डुबान समस्या र काहुँखोलाले पुऱ्याउने क्षतिलाई रोकथामको लागि विस्तृत अध्ययन सहितको योजना पनि तयार भएको छ । त्यसलाई कसरी कार्यान्वयन गर्न सकिन्छ भन्ने बारेमा विहीवार पोखरा महानगरपालिकाको सभाहलमा स्थानीय सरकार, सरोकारवाला, राजनीतिक दल लगायत सबैको उपस्थितीमा गहन छलफल भएको छ। यसको कार्यान्वयन पश्चात वर्षेनी हुने क्षति तथा स्थानीयले भोग्नुपरेको सास्ती न्यूनीकरण हुने अपेक्षा लिएको वडा १३ का वडा अध्यक्ष किरण वरालले पोखरापत्रलाइ वताए।

# घान्द्रकको वृत्तचित्र बेलायत पुग्यो, जनवरी १५ मा प्रदर्शन हुने

पोखरापत्र संवाददाता
पोखरा, २८ पुस

लामा अमृत फाउण्डेशन घान्द्रुकद्धारा निर्माण गरेको घान्द्रुकको (कौंड नाश) वृत्तचित्र बेलायतमा प्रदर्शन हुने भएको छ।

ब्रेजमेश्रो फिल्म प्रोडक्शन घान्द्रुकको ब्यानरमा निर्मित वृत्तचित्र घान्द्रुक समाज बेलायतको आयोजनामा माघ १ (जनवरी १५ तारिख)मा बेलायतको एम्पाएर हल एल्डरशटमा प्रदर्शन हुने लामा अमृत फाउण्डेशनका संस्थापक अमृत गुरुङले जानकारी दिए । 'घान्द्रुकमा पहिलो प्रदर्शन गरेको वृतचित्रलाई देशको प्रमुख शहरहरु पोखरा, काठमाडौं लगायतका स्थानमा प्रर्दशन भएको छ, गुरुङले भने, 'कास्कीको पर्यटकीय क्षेत्र घान्द्रुक लगायत विभिन्न क्षेत्रमा निर्माण भएको वृत्तचित्रलाई पहिलो पटक बेलायतमा प्रदर्शन गर्दै छौं, बेलायतपछि हङकङ, जापान लगायतका देशहरुमा प्रदर्शन गर्ने तयारीमा छौं ।' लामा अमृत फाउण्डेशन घान्द्रुकका अमृत गुरुङले निर्माण गरेको उक्त वृत्तचित्रमा सन्तोष कोन्मेको निर्देशन, जितेश प्रधान र युनिश गुरुङको लेखन, शिव मुखियाको संगीत र सञ्जय मल्लको आवाजले सिगारिएको छ। भने बार डिजिटल पोखरामा रेकर्ड गरिएको हो।

उक्त वृत्तचित्रमा तमु समुदायसँग सम्बन्धित संस्कृति त्यसैगरी प्राकृतिक सौन्दर्यता तथा कास्कीको उत्तरी भेगमा रहेको पर्यटकीय गाउँ घान्द्रुक आसपासको रहनसहन भेषभुषा तथा कला संस्कृतिलाई चित्रण गरिएको छ।

# नेपाली कांग्रेस गण्डकी प्रदेशका पदाधिकारी वैठकबाट विविध निर्णय

पोखरापत्र संवाददाता
पोखरा, २८ पुस

नेपाली कांग्रेस गण्डकी प्रदेशका पदाधिकारीको वैठक बिहीबार सम्पन्न भएको छ । उक्त वैठकबाट विविध निर्णयहरु भएका छन् ।

नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माको अध्यक्षतामा भएको वैठकमा नेपाली कांग्रेस गण्डकी प्रदेशका संसदीय दलका नेता तथा गण्डकी प्रदेश सभा सदस्य सुरेन्द्रराज पाण्डेलगायत अन्य प्रदेशसभा सदस्यहरुको उपस्थिति रहेको थियो। वैठकमा गण्डकी प्रदेशका मुख्यमन्त्रीलाई



विश्वासको मत दिने वा नदिने सम्बन्धमा विशेष छलफल भएको र उक्त छलफलबाट पुष २९ गते नेपाली काग्रेस गण्डकी प्रदेश संसदीय दलको वैठकमा महामन्त्रीले पार्टीको आधिकारीक धारणा दिने प्रवक्ता माधवप्रसाद बास्तोला (मधु) ले जानकारी गराए।

साथै नेपाली कांग्रेसको तर्फबाट संघ तथा प्रदेश निर्वाचनमा विजयी भएका संघीय सांसद र प्रदेश सांसदहरुलाई यही माघ ३ गते भेटघाट तथा शुभकामना प्रदान गर्ने कार्यक्रम रहेको प्रवक्ता बास्तोलाले बताए।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
- थमस हार्डी

## सम्पादकीय

# अख्तियारकै आयुक्त भ्रष्टाचारी ठहर

भ्रष्टाचारविरुद्ध काम गर्ने संवैधानिक निकायले त्यसै निकायका उच्च अधिकारीलाई भ्रष्टाचारमा कार्वाही गरेको छानेपालमा उच्च पदमा पुगेकालाई कार्वाही भएका विरलै छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेको झण्डै चार वर्षपछि अदालतलाई दोषी ठहर गरेको छ। ७८ लाख रुपैयाँ घुस लेनदेनमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वआयुक्त राजनारायण पाठक र नेपाल इन्जिनियरिङ कलेजका तत्कालिन अध्यक्ष लम्बोदर न्यौपानेलाई विशेष अदालतले दोषी ठहर गरेको हो ।

विशेष अदालतका अध्यक्ष श्रीकान्त पौडेल, सदस्यहरु यमुना भट्टराई र बलभद्र बास्तोलाको इजलासले पाठकलाई ३ वर्ष ३ महिना कैद र ३९ लाख जरिवाना तथा न्यौपानेलाई ३ वर्ष कैद र ३९ लाख रुपैयाँ जरिवानाको फैसला गरेको हो । पाठक सरकारी ओहोदामा रहेर भ्रष्टाचार गरेका कारण उनलाई थप ३ महिना कैद सजाय ठहर भएको विशेष अदालतले जानकारी दिएको छ । नेपाल इन्जिनियरिङ कलेजविरुद्ध अख्तियारमा परेको उजुरीमाथि छानबिन रोक्न न्यौपानेबाट पाठकले ७८ लाख रुपैयाँ घुस लिएको भन्दै अख्तियारले १२ चैत २०७५ मा पाठक र न्यौपाने दुबै विरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको थियो ।

पाठकले ७८ लाख रुपैयाँ घुस लिएको स्वीकार गरेको भिडियो प्रमाणका रुपमा अख्तियारले पेश गरेको थियो । तर विशेष अदालतले घुस लेनदेनमा नभई घुस लेनदेनको प्रयास मात्र भएको ठहर गरेको छ । 'आरोपितहरुबाट घुसबापतको रकम बरामद भएको थिएन, तर घुस खाने प्रपञ्चका लागि सारा काम सम्पन्न गरेको देखिएको ठहर गरेको छ । घुस खाएको भनिएको ७८ लाख रुपैयाँको आधा अर्थात ३९ लाख रुपैयाँ जरिवाना हुने भएको छ ।

भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को (ज) मा ५० लाखदेखि १ करोड रुपैयाँसम्म घुस लेनदेन गरेमा ६ देखि ८ वर्षसम्म कैद सजाय हुने व्यवस्था छ । ऐनकै दफा २१ अनुसार घुस लेनदेनको उद्योग गर्नेलाई तोकिएको सजायको आधा सजाय हुने व्यवस्था छ । बिशेष अदालतको फैसलाबाट अख्तियार र भ्रष्टाचारविरुद्ध काम गर्नेसन्तुष्ट हुन सकेका छैनन् ।घुस लेनदेनको आरोपमा दोषी ठहर हुनुपर्नेमा घुस खाने उद्योगमात्रै गरेको व्याख्या गरेर कम सजाय गरिएको आशंका गरिएको छाबिशेष अदालतको फैसला विरुद्ध अख्तियारलाई सर्वोच्च अदालतमा पुनरावेदनमा जाने ठाउँमा बनाइ दिएको छ । नेपाल इन्जिनियरिङ कलेजमा भएको अनियमितताबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको थियो । तर उक्त उजुरीमा छानबिन अघि नबढाउन भन्दै कलेजका अध्यक्ष न्यौपानेले एक इन्जिनियरमार्फत तत्कालिन आयुक्त पाठकलाई पटक पटक गरी ७८ लाख रुपैयाँ बुझाएका थिए ।

रकम लिएको स्वीकारोक्तिसहितको भिडियो सार्वजनिक भएपछि पाठकले आयुक्तबाट राजीनामा दिएका थिए । उनले राजीनामा दिएपछि उक्त घटनामा अनुसन्धान गरेर अख्तियारले पाठक र न्यौपानेविरुद्ध मुद्दा चलाएको हो । नेपालका संवैधानिक पदाधिकारीविरुद्ध भ्रष्टाचारको मुद्दा चलेर प्रारम्भिक अदालतबाट दोषी ठहर भएको यो सम्भवतः पहिलो घटना हो । पाठकविरुद्धको भ्रष्टाचारको मुद्दा अख्तियारका तत्कालिन प्रमुख नविनकुमार घिमिरेले प्राथमिकता दिई अघि बढाएका थिए ।भ्रष्टाचारविरुद्ध अख्तियारले लगेका मुद्दामा बिशेष अदालतले तारेखमा छाड्ने , जरिवाना धेरै कम गरिदिने र सजायँमा उदार देखिने गरेको छाभ्रष्टाचारमा सकभर कम मुद्दा दायर हुने र भएकामा पनि थोरैले मात्र जरिवाना र सजाय हुने गरेको कारण भ्रष्टाचार कम हुन सकेको छैन ।

# म्याग्दी महोत्सव सुरु

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २८ पुस**

बेनीमा बिहीबारदेखि सातौँ म्याग्दी महोत्सव तथा प्रदेशस्तरीय कृषि, पर्यटन, औद्योगिक, व्यापार मेला-२०७९ सुरु भएको छ ।

म्याग्दी उद्योग वाणिज्य सङ्घको मूलआयोजनामा बेनीको खुल्ला मञ्चमा माघे सङ्क्रान्ति पर्वको अवसरमा आयोजित महोत्सव दश दिनसम्म सञ्चालन हुनेछ ।

महोत्सव उद्घाटनको अवसरमा बेनी बजारमा विभिन्न जातजाति, समुदाय र सङ्घ संस्थाले झाँकीसहितको ऱ्याली निकालेका छन् । स्थानीय उत्पादनको बजार प्रवर्द्धन, कला र संस्कृतिको संरक्षण, पर्यटन, कृषि, जलविद्युत, खनिज र पशुपालन क्षेत्रको सम्भावनाको उजागर गरी लगानी भित्र्याउने र व्यापारिक ज्ञान सीप, पुँजी र प्रविधि भित्र्याउने उद्देश्यले महोत्सवको आयोजना गरिएको म्याग्दी उद्योग वाणिज्य सङ्घका महासचिव अमित बानियाँले बताउनुभयो ।

धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवं पर्यटकीयस्थलको प्रचारप्रसार गरी आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउनमा मद्दत गर्नुका साथै रोजगारीको सिर्जना गर्दै अर्थोपार्जनमा सघाउन पुऱ्याउने, खेलकुद र शिक्षा क्षेत्रको बारेमा जागृत गर्ने, प्रतिभाको पहिचानका लागि अवसर सिर्जना गर्न महोत्सवले सहयोग पुग्ने अपेक्षा गरिएको छ । महोत्सवको अवसरमा पालिकास्तरीय महिला/पुरुष भलिबल, लोकदोहोरी, चेम्बर लोकतारा, पुरुष बाँस्केटबल, लठो तान्ने, रत्यौली, छेलो फाल्ने, अन्धनिशान प्रतियोगिता आयोजना गरिएको म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष बेलबहादुर कटुवालले बताउनुभयो ।

स्थानीय उत्पादन र राष्ट्रिय आन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनीको साथै कलाकारबाट गीत तथा नृत्य प्रस्तुति, बाल उद्यान, मिनी चिडियाघर आकर्षणका रूपमा रहेका छन् । हेलिकोप्टरबाट धौलागिरि आधार शिविर लगायत पर्यटकीय स्थलको अवलोकन गर्ने व्यवस्था मिलाइएको छ । कालीगण्डकीमा ऱ्याफ्टिङ र बेनी देखि लभ्लिहिलसम्म घोडा सफारी पनि महोत्सवमा आकर्षणका रूपमा रहनेछन् ।

महोत्सवमा डेढ लाख आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने र करीब रु. दश करोड बराबरको कारोबार हुने अनुमान गरिएको छ । महोत्सव स्थलमा २६० वटा स्टल छन् । कृषि ज्ञान केन्द्रले कृषि मेला प्रदर्शनीको आयोजना गरेको छ । माघे सङ्क्रान्ति पर्वको अवसरमा बेनीमा परम्परागत रूपमा मेला लाग्ने चलन थियो ।

# स्ववियु निर्वाचनका लागि नेविसंघद्वारा दुई समिति गठन

**रासस**
**काठमाडौं, २८ पुस**

नेपाली काँग्रेसको प्रमुख भ्रातृ संस्था नेपाल विद्यार्थी संघ (नेविसंघ)ले आगामी चैत ५ गते हुने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)को निर्वाचनका लागि दुई समिति गठन गरेको छ ।

संघका अध्यक्ष दुजाङ शेर्पाले स्ववियु निर्वाचनमा नेविसंघलाई जिताउनका लागि बिहीबार घोषणापत्र तयारी समिति र प्रचारप्रसार समिति गठन गर्नुभएको हो । अध्यक्ष शेर्पाका अनुसार घोषणापत्र तयारी समितिको संयोजकमा संघका पूर्व केन्द्रीय सदस्य पुजन गन्धर्व (तनहुँ) र प्रचार-प्रसार समितिको संयोजकमा डा सन्तोष उपाध्याय (ललितपुर) रहनुभएको छ ।

दुई समितिलाई नै निर्वाचनलाई प्रभावकारी, व्यवस्थित र परिणाममुखी बनाउन आवश्यकतानुसार समन्वय गरी समिति विस्तार तथा उपसमिति गठन गर्ने अधिकारसमेत दिइएको छ ।

अध्यक्ष शेर्पाले स्ववियु निर्वाचनलाई शान्तिपूर्ण ढङ्गबाट सम्पन्न गरी विद्यार्थीको हकहितको रक्षा र सम्मान गर्न नेविसंघ तयार रहेको बताउनुभयो । उहाँले समयमै परीक्षाफल प्रकाशित नहुनु र शैक्षिक बेरोजगारको अवस्था सिर्जना हुनुले शैक्षिक क्षेत्रमा देखिएको ढिलासुस्ती र नीतिगत कठिनाइलाई चिर्न स्ववियु निर्वाचन आवश्यक रहेको बताउनुभयो ।

गत पुस २२ गते बसेको त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को बैठकले आगामी चैत ५ गते स्ववियु निर्वाचन गर्ने निर्णय गरेको थियो । विस २०७३ चैत १५ गते केही आंशिक क्याम्पसमा मात्र निर्वाचन भए पनि अन्य क्याम्पसमा विसं २०६५ सालदेखि अहिलेसम्म स्ववियु निर्वाचन हुन सकेको थिएन ।

# ४७ फिट अग्लो त्रिशूल स्थापना

**रासस**
**काठमाडौं, २८ पुस**

अर्घाखाँचीको सन्धिखर्क-२ घोचेखोलामा रहेको शिव मन्दिरमा ठूलो त्रिशूल स्थापना गरिएको छ ।

सन्धिखर्क-२ शिवालय क्षेत्रमा रहेको शिव मन्दिरमा ४७ फिट अग्लो त्रिशूल आज वैदिक विधिपूर्वक पूजाआजा गरी स्थापना गरिएको हो । धार्मिक पर्यटक भित्र्याउने उद्देश्यले पण्डित केशवराज आचार्यले वैदिक विधिपूर्वक पूजाआजा गरी त्रिशूल स्थापना गरिएको स्थानीय रामु केसीले बताउनुभयो । सन्धिखर्कबाट नजिकै प्राकृतिक मनोरम वातावरणमा रहेको यस शिवालय क्षेत्रमा शिव भगवानको मन्दिरसमेत रहेको छ । यस स्थानमा शिवरात्रिको दिन विशेष पूजाआजा तथा दैनिक पूजा हुँदै आएको छ । दाङमा रहेको त्रिशूल साढे ४१ फिट अग्लो छ । पाल्पाको भैरवनाथ मन्दिरमा रहेको ३५ फिट अग्लो रहेको बताइएको छ ।

# तरकारी खेतीबाट मनग्य आम्दानी

**पोखरापत्र संवाददाता**
**बागलुङ, २८ पुस**

बागलुङ नगरपालिका-३ बोक्सेका मोतिलाल सापकोटा ७४ वर्ष पुगुभयो ।

उमेरले बुढ्यौली लागे पनि उहाँमा काम गर्ने जोस, जाँगर र उत्साह भने युवाको भन्दा कम छैन । सापकोटाले व्यावसायिकरुपमा तरकारी खेती सुरु गरेको ३१ वर्ष भयो । उहाँको तरकारी खेतीप्रतिको लगाव उत्साहप्रद छ । तरकारी खेतीबाट सापकोटाले लाखौं रुपैयाँकोसम्पत्तिजोडिसक्नुभएको छ । उहाँले छ भाइबहिनी, छोराछोरी हुर्काउने, पढाउने र विवाहसमेत तरकारी खेतीकै आम्दानीले गर्नुभयो । बिहानै उहाँ बागलुङ बजारमा तरकारी बिक्री गर्न आउनुहुन्छ । "मसित पुर्ख्यौली सम्पत्ति थिएन, वर्षौं अरुको घरमा बसेर काम गरेँ, तरकारी खेतीमा लागेपछि घर सम्पत्ति जोडेँ", सापकोटाले भन्नुभयो । पहिला तरकारी खेती गर्ने चलन थिएन । उत्पादन भएको तरकारी पनि बिक्री हुँदैनथ्यो । "अहिले उत्पादन गरेको सबै बिक्री हुन थालेको छ, बजारमा तरकारीको माग बढ्दै गएको छ", उहाँले भन्नुभयो । "हातखुट्टा चल्दासम्म तरकारी उत्पादन गर्छु", उहाँले भन्नुभयो । रु तीन लाखदेखि रु पाँच लाखसम्म वर्षमा तरकारी बिक्रीबाट कमाइ हुने गरेको सापकोटाको भनाइ छ । तरकारी खेतीले सापकोटा परिवारको जीवनशैलीनै बदलिएको छ । बिहान तरकारी बेच्न बजार पुग्ने र दिउँसो साँझ बारीमा काम गर्ने आफ्नो दैनिकी भएको सापकोटाले बताउनुभयो ।

कृषि ज्ञान केन्द्र बागलुङका सूचना अधिकारी कुमार पुनले सापकोटालाई समय-समयमा अनुदानसँगै प्राविधिक सहयोग गर्दै आएको बताउनुभयो । उहाँलाई नयाँ प्रविधिसँग जोड्नका लागि तालिम, परामर्श र सुझाव दिँदै आएको पुनको भनाइ छ । कृषि ज्ञान केन्द्रले गत वर्ष उहाँलाई रु दुई लाख अनुदानसमेत दिएको पुनले बताउनुभयो ।

# गलेश्वर मन्दिरको पाँच महिनाको आम्दानी तीन करोड

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २८ पुस**

बेनी नगरपालिका-९ स्थित धार्मिकस्थल गलेश्वर मन्दिरमा पाँच महिनाको अवधिमा रु तीन करोडभन्दा बढी आम्दानी भएको छ ।

लेश्वर शिवालय क्षेत्र विकास कोषको बुधबार भएको १७औँ कार्यकारी सभामा चालु आर्थिक वर्ष २०७९/८० को पहिलो पाँच महिनाको अवधिमा रु तीन करोड ३७ लाख छ सय ४५ आम्दानी भएको जानकारी गराइएको हो । कोषका कोषाध्यक्ष कुमारी रोकाले कर्मचारी तलब, पूजा, संस्कृत विद्यालय र ज्येष्ठ नागरिक आश्रम सञ्चालनमा सो अवधिमा रु २० लाख दुई हजार खर्च भई रु तीन करोड १६ लाख ९७ हजार बचत भएको जनकारी दिनुभयो । "गत असार सम्मको आम्दानी रु दुई करोड ९० लाख ८२ हजार थियो", उहाँले भन्नुभयो, "खातामा रहेको ब्याज, भक्तजनले चढाएको भेटी, दान र भाडालगायत शीर्षकमा भएको आम्दानीबाट खर्च कटाएर पाँच महिनाको मात्र रु २६ लाख १५ हजार बचत भएको छ ।"

मेलापर्वमा भेटी रु २२ लाख ५६ हजार, मण्डप भेटी रु आठ लाख २२ हजार, ब्याज आम्दानी रु पाँच लाख ५९ हजार, यज्ञ दर्ताबापत रु एक लाख ६३ हजार, यात्री निवास शुल्कबाट रु एक लाख ३१ हजार, दान रु दुई लाख ५८ हजार ८६, जिन्सी सामान बिक्रीबाट रु एक लाख ९९ हजार र स्टल भाडा रु दुई लाख २२ हजार सङ्कलन भएको छ । आव २०७८/७९ मा रु ४० लाख ८५ हजार भेटीसहित रु ९१ लाख ८२ हजार आम्दानी भएको थियो । भेटी, महायज्ञबाट सङ्कलन तथा तीर्थयात्रीले दिएको दानबाट पछिल्लो १२ वर्षको अवधिमा करिब रु दश करोडको लागतमा विभिन्न भौतिक पूर्वाधार निर्माण भएको गलेश्वर शिवालय क्षेत्र विकास कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले बताउनुभयो । "गलेश्वरमा भक्तजनले चढाउने भेटी मेलाको भोलिपल्टै र अन्य समयमा मासिकरुपमा गनेर सार्वजनिक गर्ने गरिएको छ", उहाँले भन्नुभयो, "भेटी व्यवस्थित गर्न थालेपछि दानवीरले खुलेर सहयोग गर्न थालेका छन् ।" जडभरत संस्कृत माविका तीन शिक्षकको तलबका लागि मासिक रु ७२ हजार, आश्रमका ज्येष्ठ नागरिक र तीर्थयात्रीलाई भोजन गराउँदै आएको अन्न क्षेत्रका भान्छेलाई मासिक रु १७ हजार तलब मन्दिरको आम्दानीबाट दिने गरिएको छ ।

कालीगण्डकी नदी किनारको नौ रोपनी क्षेत्रफलमा फैलिएको चट्टानमाथि अवस्थित गलेश्वर शिवालय क्षेत्र हिन्दू तथा बौद्ध धर्मावलम्बीको साझा तीर्थस्थल मुक्तिनाथको प्रवेशद्वार मानिन्छ । हिन्दू धर्मग्रन्थमा सतीदेवीको गला पतन भएर गलेश्वर नाम रहन गएको उल्लेख गरिएको यस मन्दिरमा साउनको सोमबार, बालाचर्तुदशी र शिवरात्रि पर्वमा विशेष मेला लाग्छ । अन्य समय दैनिक पूजाआजा हुने गलेश्वर मन्दिरमा भक्तजनको चाप पनि बढ्दै गएको छ ।

# मोबाइल स्वास्थ्य कार्यक्रमले गर्भवतीलाई राहत

**पोखरापत्र संवाददाता**
**बागलुङ, २८ पुस**

गर्भवती भएर समेत स्वास्थ्य चौकीको पहुँचमा पुग्न नसक्नुभएकी बडिगाड गाउँपालिका-१ दगातुन्डाँडास्थित गरङ्धारा निवासी तारा भुजेलको घरमा गत शनिबार बडिगाड स्वास्थ्य शाखाको समूह पुग्यो ।

स्वास्थ्य चौकीको पहुँच बाहिर रहेका गर्भवतीहरुलाई वडा कार्यालयको सहयोगमा पहिचान गर्दा उहाँ गर्भवती भएर स्वास्थ्यचौकी आउन नसक्नुभएकीले घरमै पुगेर उक्त समूहले जाँच गरी आवश्यक औषधि उपलब्ध गराउनका साथै स्वास्थ्य संस्थामा सुत्केरी हुने परिपाटी बसाल्न आग्रह गऱ्यो । सो समूहले स्वास्थ्य परीक्षण, परामर्श, भिडियो एक्सरे, डिटि खोप, रगत जाँच र आइरन चक्कीलगायत औषधि उपलब्ध गराएपछि ओइलाएको उहाँको अनुहार उज्यालो भयो । भौगोलिकरूपमा विकट रहेको उक्त गाउँपालिकामा स्वास्थ्यचौकीमा नपुगेर घरमै सुत्केरी हुनेको सङ्ख्या बढी छ । गाउँपालिकाले शिशु मृत्युदर घटाउँदै शून्य 'होम डेलिभरी' गराउने र लक्षित वर्गलाई निःशुल्क स्वास्थ्य सेवा दिने उद्देश्यले चालु आर्थिक वर्षदेखि गाउँपालिकाभर एकीकृत ग्रामीण मोबाइल स्वास्थ्य सेवा कार्यक्रम ल्याएको पालिकाअध्यक्ष गण्डकी थापा अधिकारीले जानकारी दिनुभयो । "बडिगाडमा धेरै महिला सुत्केरी हुन नसक्दा हेलिकोप्टरबाट उद्धार गर्नुपर्ने, शिशु मृत्युदर बढी हुने, भौगोलिक जटिलता र गरिबीका कारण सम्बद्ध व्यक्तिले समस्या भोग्दै आएकाले गाउँपालिकाले पाँचवर्षे स्वास्थ्य रणनीतिक कार्यक्रममाअन्तर्गत चालु आर्थिक वर्षदेखि एकीकृत ग्रामीण मोबाइल स्वास्थ्य सेवा प्रदान गर्न लागेको हो", उहाँले भन्नुभयो, "प्रत्येक महिना स्वास्थ्यचौकी, गाउँघर क्लिनिक, खोप केन्द्रलगायत स्वास्थ्य संस्थाबाट पालैपालो गाउँपालिकाभर उक्त स्वास्थ्य सेवा दिइरहेका छौँ, पालिकाका स्वास्थ्यकर्मी साथीहरू महिनामा १० दिन नियमित कामबाहेक मोबाइल सेवामा खटिनुहुन्छ, पायक पर्ने स्थानमा समेत सम्बन्धित गर्भवती महिला उपस्थित नभए तिनका घरमै पुगेर स्वास्थ्य सेवा र परामर्श दिन्छौं ।" स्वास्थ्य शाखाले समय-समयमा वडा कार्यालय, स्वास्थ्यचौकी र गाउँघर क्लिनिकमार्फत गर्भवती महिलाको तथ्याङ्कसमेत सङ्कलन गर्ने र त्यसैका आधारमा एकीकृत ग्रामीण मोबाइल स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गर्ने गरिएको स्वास्थ्य शाखाले जनाएको छ । सोही कार्यक्रमसँगै जनतासँग पालिका अध्यक्ष स्वास्थ्य बीमा कार्यक्रमसमेत सञ्चालन गरिएको स्वास्थ्य शाखा संयोजक विपेन्द्र केसीले जानकारी दिनुभयो । "गाउँपालिकाले उक्त कार्यक्रमका साथै लक्षित वर्गलाई जनतासँग पालिका अध्यक्ष स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत निःशुल्क स्वास्थ्य बीमा पनि गर्दै आएको छ", उहाँले भन्नुभयो, "पाँच वर्षभित्र पालिकाका सबै नागरिकको निःशुल्क स्वास्थ्य बीमा गर्ने योजना गाउँपालिकाको छ, अहिले एकल महिला, एकल पुरुष, 'ख' वर्गको अपाङ्गता, कुपोषित बालबालिका र सुकुम्बासीलाई निःशुल्क बीमा गरिएको हो ।" अहिलेसम्म वडा नं २, ७ र ९ मा निःशुल्क सात सय जनाको स्वास्थ्य बीमा गरिसकिएको छ । यस वर्ष ग्रामीण मोबाइल स्वास्थ्य कार्यक्रमअन्तर्गत रु सात लाख र स्वास्थ्य बीमाका लागि रु २० लाख बजेट विनियोजन भएको छ । एकीकृत ग्रामीण मोबाइल स्वास्थ्य कार्यक्रमअन्तर्गत गर्भवती महिलाको स्वास्थ्य परीक्षण, रगत परीक्षण, बालबालिकाको तौल जाँच, शङ्कास्पद बिरामीको खकार परीक्षण गर्ने गरिएको छ । हालसम्म गाउँपालिकाको १० वटै वडामा गरिएको ग्रामीण मोबाइल स्वास्थ्य कार्यक्रमअन्तर्गत दुई सय ६३ गर्भवतीको भिडियो एक्सरे, ५६ जनाको रगत परीक्षण, दुई वर्षमुनिका बालबालिकाको तौल जाँच, चार सय ५७ जनाको परिवारनियोजन, ११ शङ्कास्पद बिरामीको खकार सङ्कलन ९३, एक सय २५ जनाको सुगर परीक्षण र पाँच सय ६५ जनाको स्वास्थ्य परीक्षण गरी परामर्शसमेत दिइएको बताइएको छ ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | शारीरिक झमेला | तुला | सहयोग मिल्नेछ |
| वृष | व्यापारमा लाभ | वृश्चिक | सत्कार मिल्नेछ |
| मिथुन | शत्रुको भय | धनु | सम्मान मिल्नेछ |
| कर्कट | झमेला बढ्ने | मकर | अप्रत्यसित लाभ |
| सिंह | कार्यमा सफलता | कुम्भ | आर्थिक समस्या |
| कन्या | मन चञ्चल | मीन | मानसिक तनाब |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# ‘विद्यालय नर्स’ का लागि विद्यालय छनोट

**पोखरापत्र संवाददाता**
**दमौली, २८ पुस**

गण्डकी प्रदेशको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले ‘ विद्यालय नर्स’ कार्यक्रमका लागि तनहुँका दुई विद्यालय छनोट गरेको छ । प्रदेश सरकारको वार्षिक स्वीकृत कार्यक्रमबमोजिम यहाँका दुई विद्यालय ‘विद्यालय नर्स’ कार्यक्रमका लागि छनोट भएका हुन् ।

आँबुखैरेनी गाउँपालिका–३ स्थित रामशाह माध्यमिक विद्यालय र ऋषिङ गाउँपालिका–६ स्थित श्रृङ्ग माध्यमिक विद्यालय यो कार्यक्रमका लागि छनोट भएका मन्त्रालयका निमित्तसचिव उदयबहादुर पराजुलीले बताउनुभयो । दुवै विद्यालयमा स्टाफ नर्स (पाँचौं तह)को दरबन्दी थप गरिएको छ ।

आँबुखैरेनी गाउँपालिकाले आन्तरिक स्रोतबाट रामशाह माविमा नर्सको व्यवस्थापन गर्दै आएकामा स्थायीरूपमा नर्सको दरबन्दी भएपछि सहज हुने गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले बताउनुभयो । गाउँपालिकाले सबैभन्दा बढी विद्यार्थी सङ्ख्या रहेको विद्यालयबाट नर्स कार्यक्रम सुरुआत गरेको थियो । रामशाह माविमा करिब एक हजार आठ सय विद्यार्थी अध्ययनरत छन् ।

विद्यालयमा नर्स भएपछि विद्यार्थीको स्वास्थ्यको ख्याल गर्नका लागि आलोपालो मिलाएर रक्तचाप नाप्ने, ज्वरो नाप्ने तथा स्वास्थ्य अवस्थाका बारेमा जानकारी लिने, स्वास्थ्य सचेतना दिनेलगायतका कार्यक्रम गरिएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख अगमराज उपाध्यायले बताउनुभयो । बालबालिका घरबाहेक बढी समय विद्यालयमा रहने भएकाले स्वास्थ्य समस्या पर्दा उपचार नहुँदा समस्या पर्न सक्ने भएकाले यो सुविधा प्रभावकारी हुने विश्वास गरिएको छ । नर्सले किशोर–किशोरीलाई प्रजनन, परिवार नियोजन, महिनावारी स्वास्थ्य र यौन तथा यौनिकताका सन्दर्भमा समेत परामर्श दिने जनाइएको छ ।

सरकारी दरबन्दीमा तनहुँमा दुई विद्यालय छनोट भए पनि कतिपय विद्यालयले भने आफ्नै स्रोतबाट विद्यालयमा नर्स राखेका छन् । यसले गर्दा विद्यार्थीलाई सहज हुँदै आएको छ । विद्यालयमा बालबालिका नियमित उपस्थित गराउन र विद्यार्थीको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था मिलाउने उद्देश्यसहित सुरु गरिएको नर्स कार्यक्रममार्फत विद्यार्थीलाई सहज भएको हो । विद्यालयमै नर्सको व्यवस्था भएपछि विद्यार्थीले सामान्य स्वास्थ्य परीक्षणका लागि स्वास्थ्य संस्थासम्म जान नपर्ने भएको छ ।

व्यास नगरपालिका–२ स्थित सत्यवती माध्यमिक विद्यालयले बिएस्सी नर्सिङ उत्तीर्ण सुनिता जोशीमार्फत नर्सिङ सुविधा प्रदान गरिरहेको विद्यालयका प्रधानाध्यापक एकबहादुर गुरुङले जानकारी दिनुभयो । प्राथमिक उपचारका लागि आवश्यक औषधि, औजार र उपकरणको व्यवस्था विद्यालयले मिलाएको छ । विद्यार्थीहरू धेरै भएकाले बिरामी भइरहने, घाइते हुने गरेकाले उपचारमा सहज बनाउन नर्स राखिएको जनाइएको छ ।

विद्यालयका अनुसार व्यक्तिगत र वातावरणीय सफाइ तथा फोहरमैला व्यवस्थापन, स्वस्थकर जीवनशैली, सामान्य स्वास्थ्य परीक्षण र पोषणको लेखाजोखा गर्ने जिम्मेवारी नर्सलाई दिइएको छ । अखाद्य वस्तु ‘जङ्क फुड’को प्रयोगमा नियन्त्रण, यौनजन्य हिंसा न्यूनीकरण, शारीरिक तथा मानसिक स्वास्थ्य शिक्षा, धुमपान, मद्यपान र सुर्तीजन्य पदार्थको दुरुपयोग न्यूनीकरणका लागि अभिभावक तथा समुदायलाई स्वास्थ्य शिक्षा प्रदान गर्ने गरेको विद्यालयले जनाएको छ ।

रजस्वलाका बेला छात्राहरू लजाउने, प्याड प्रयोग गर्न अप्ठ्यारो मान्ने समस्या पनि नर्समार्फत समाधान हुने विद्यालयले अपेक्षा लिएको छ । किशोरीलाई प्याडको आवश्यकता र यौन स्वास्थ्यबारे नर्सले सिकाउने गरेका छन् । महिनावारी भएका बेला छात्रालाई सेनेटरी प्याड विद्यालयले निःशुल्क प्रदान गर्ने गरेको छ ।

विद्यार्थीलाई व्यक्तिगत सरसफाइजस्तै हात धुने, नङ काट्ने, दाँत माझ्ने, नुहाउने, यौनाङ्गको सरसफाइका बारेमा महत्व बुझाएर व्यवहार परिवर्तन गर्नुका साथै महिनावारी हुँदा गर्नुपर्ने सरसफाइ, प्याड बनाउने, लगाउने तरिका र फोहर प्याड व्यवस्थापन गर्ने तरिकाबारे नर्ससँग खुलेर कुरा गर्न सक्ने विद्यालयको अपेक्षा छ ।



स्वास्थ्य बिमाको सेवा लिन लामबद्ध सेवाग्राही
पोखरा–९ स्थित गण्डकी मेडिकल कलेजमा स्वास्थ्य बिमाको सेवा लिन लामवद्ध सेवाग्राही । तस्बिरः जमुनावर्षा शर्मा/रासस

# कोरोनाका कारण वैदेशिक रोजगार गुमाएका युवा कृषिमा जम्दै

**पोखरापत्र संवाददाता**
**पर्वत, २८ पुस**

पर्वत फलेवास–३ शङ्करपोखरीका मीनप्रसाद भुषालको एक दशक लामो उर्जाशिल समय विदेशी भूमिमा श्रमिकका रूपमा बित्यो । तर दश वर्ष विदेशी भूमिमा पसिना बगाइ कमाएको पैसा भने कहिल्यै चित्त बुझ्दो भएन ।

स्वदेशमा भने जस्तो जागिर नपाइने र वैदेशिक रोजगारी पनि छाड्न नसकिने अवस्थाका बीच उहाँ कहिले भारत त कहिले मलेसिया र साउदी अरबका विभिन्न कम्पनीमा बिताउनुभयो । तर स्वदेशमै काम गर्ने कारक भने कोरोना महामारी बन्यो । विसं २०७६ सालमा विश्वव्यापीरूपमा फैलिएको कोरोना महामारीअघि बिदामा घर आउनुभएका उहाँ त्यसपछि साउदी अरब कामका लागि फर्कन पाउनुभएन । महामारीबीच लागू भएको बन्दाबन्दीका कारण समयमै साउदी अरब जाने अवस्था भएन । समयमै कम्पनीमा हाजिर हुन नपाउँदा जागिर गुम्यो भने यता आफ्नै बारीमा व्यावसायिक तरकारीखेतीको बाटो खुल्यो । “कोरोना महामारीका कारणसमयमै साउदीको कम्पनीमा जान नपाएपछि जागिर गयो”, उहाँले भन्नुभयो, “विकल्पमा मैले कृषि व्यवसाय रोजे, अहिले यसैबाट राम्रो आम्दानी भइरहेको छ ।” आफ्नै बारीमा व्यावसायिक कृषि सुरु गर्नुअघि उहाँले भारतमा दुई वर्ष, मलेसियामा चार वर्ष र साउदी अरबमा चार वर्ष बिताइसक्नुभएको थियो ।

उमेरले ४० पुगु भएका भुषालको पछिल्लो समय दैनिकी तरकारी उत्पादनमै बित्ने गरेको छ । हरेक साँझ र बिहान आफ्नै तरकारी बारीमा तरकारीखेती गर्दै बित्ने गरेको उहाँले बताउनुभयो । “बिहान उठेदेखि बेलुका अबेरसम्मको मुख्य काम तरकारी उत्पादन, स्याहार तथा बिक्री गर्दैमा बित्छ”, उहाँले भन्नुभयो, “वैदेशिक रोजगारी छाडेर तरकारीखेतीमा लागेपछि सन्तुष्टि पनि मिलेको छ ।” उहाँले हाल वार्षिक १२ टन तरकारी उत्पादन गर्दै आउनुभएको छ । जसबाट मासिक रू ४० देखि ६० हजारसम्म आम्दानी भइरहेको उहाँले सुनाउनुभयो । “उर्जाशिल समय विदेशमै बित्यो, स्वदेशमै पनि पैसा कमाउन सकिन्छ भन्ने चेत अहिले पलायो”, उहाँले भन्नुभयो, “दुःख गर्नसके यहीको माटोमा सुन फलाउन सकिन्छ भन्ने अहिले थाहा भयो ।”

उहाँ कोरोनाका कारण वैदेशिक रोजगारी गुमेपछि स्थानीय आमा समूहको प्रेरणाकै कारण कृषि व्यवसायमा लाग्नुभएको हो । पछिल्लो समय उहाँ कुश्मा नगरपालिका–९ साइकलचोकमा बेमौसमी तरकारी उत्पादन तथा बिक्री वितरण गर्दै आउनुभएको छ । भुषालले यतिबेला तीन वटा प्लास्टिक टनेलमा गोलभेँडा, साग, मुला, सिमी, काउली फलाउँदै आउनुभएको छ । बेमौसमी तरकारी खेती गर्दा बजारको समस्या नहुने र राम्रो आम्दानी हुने भएकाले मुख्य गरी बेमौसमी तरकारी खेती गर्ने गरेको उहाँले सुनाउनुभयो । उत्पादन भएको तरकारी अर्गानिक भएकाले पनि एकपटक किन्ने ग्राहकले फर्किएर आउने गरेको उहाँको अनुभव छ । सरकारबाट युवालाई कृषि व्यावसायमा आकर्षित गर्न ठोस कार्यक्रम नहुँदा हजारौं युवाहरू श्रमका लागि विदेशी भूमिमा जान बाध्य भएको उहाँको भनाइ छ । “युवा स्वरोजगार कार्यक्रम अन्तर्गत युवालाई सहुलियतमा ऋण उपलब्ध गराउने भनिएको छ तर ऋण लिन धितो राख्नुपर्ने तथा झन्झटिलो प्रक्रियाका कारण व्यवसाय सुरु गर्न समस्या छ”, उहाँले भन्नुभयो, “सरकारले सस्तो ब्याजदरमा ऋण दिने हो भने हामी जस्ता व्यवसायीलाई सहज हुने थियो ।”

युवा वर्गमा व्यवसाय गर्न उत्साह भए पनि कर्जाका लागि धितो राख्ने पर्ने व्यवस्थाले समस्या हुने गरेको भुषालको निष्कर्ष छ । “व्यवसाय गर्न सहुलियत दरमा ऋण दिने हो भने धेरै युवालाई स्वदेशमै रोक्न सकिन्छ”, उहाँले भन्नुभयो, “यसका लागि प्रक्रिया सरल भयो भने युवाको बढ्दो विदेश पलायन रोक्न सकिन्छ ।”

# खहरे आमा समूहको अध्यक्षमा पहारी

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ पुस**

पोखरा ६ लेकसाइडमा रहेको खहरे आमा समुहको ८ औं वार्षिक साधारण सभा तथा चौथो अधिवेशनले शान्ति पहारीको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्य समिति चयन गरेको छ ।

समुहको वरिष्ट उपाध्यक्षमा अन्जना पहारी, दितिय उपाध्यक्षमा पार्वती पहारी, तृतिय उपाध्यक्षमा भागिरथि थापा, सचिवमा सचिप्रभा कोइराला, सहसचिवमा सिता पहारी, कोषाध्यक्षमा लता पहारी र सदस्यहरुमा साधना थापा, राधा कोइराला, मिना रानाभाट, यमुना पहारी, सत्य पहारी, मन्जु पराजुली र चन्द्रा पहारी सर्वसम्मत चयन भएका छन् । कार्यक्रमकी प्रमुख अतिथि गण्डकी प्रदेश सांसद देवका पहारीले उद्घाटन गर्दै समाज काम गर्ने इच्छा शक्ति हुने हो भने आमा समूहले पनि धेरै गर्न सकिने उदाहरण खहरे आमा समुह दिएको बताइन ।

उनले चुनावको बेला गरेका बाचा कहिले नभुल्ने बताउदै पोखरालाई पर्यटकीय राजधानी बनाउन, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय एयरपोर्ट बाट अन्तर्राष्ट्रिय उडान गराउन सांसदको तर्फबाट आवाज उठाउने प्रतिबद्धता व्यक्त गर्दै आयआर्जनमा महिला हरुलाई जोड्ने अभियान अब आमा समुहले सुरु गर्नु पर्ने योजना बनाउन आवश्यक रहेको बताउनु भयो । निवर्तमान प्रदेश सांसद राजिब पहारीले टोल बिकास संस्था र आमा समुह मिलेर बृहत सरसफाइ अभियान संचालन गर्नुपर्ने वताउँदै सबै मिलेर फेवाताल जोगाउनुको विकल्प नभएकोले बेलैमा चेतना आउनु जरुरी रहेको बताए । पोखरा–६ का वडा अध्यक्ष बिष्णु बहादुर भट्टराईले टोल बिकास संस्था र आमा समुह सुस्ताउन नहुने बताउदै सहकार्यको लागी वडा कार्यलय तयार रहेको बताएका थिए । उनले वडाका बासिन्दा र ब्यबसायीले राज्यलाई तिर्ने कर अन्य वडाहरुको भन्दा बढी योगदान रहेको बताए । साथै उनले २४ सै घन्टा लेकसाइड खोल्न पहल भइरहेको छ । वडालाई फोहोर मुक्त राख्नु वडाको कर्तव्य भएको बताउदै सरसफाइको लागि आबश्यक सामान वडाले उपलब्ध गराउने । सो अवसरमा सल्लाहकार भरतराज पराजुली, जेष्ठ नागरिक मञ्चका गुरुदत्त बराल, रेडियो जननीकी अध्यक्ष हिरा भट्टराई, खहरे टोल बिकास संस्थाका अध्यक्ष खिमलाल पहारी, आजिवन सदस्य साधना थापा, महिला पर्यटन ब्यबसायी मञ्चकी महासचिव ममता न्यौपाने लगाएतले शुभकामना व्यक्त गर्दै आमा समूहले वडाकार्यलयले भन्दा बढी काम गरेको बताएका थिए । कार्यक्रममा आमा समुहको स्थापना समय देखि सहयोग गर्ने निवर्तमान सांसद राजिब पहारी, निवर्तमान वडा अध्यक्ष भरतराज पहारी, संस्थापक अध्यक्ष नानीमाया सिग्देल, सल्लाहकार लक्ष्मण थापा, प्रचारप्रसारमा योगदान दिने पत्रकार कृष्ण रानाभाट, गाउँ पर्यटन प्रबर्द्धन मञ्च भिटोफ गण्डकीका संस्थापक अध्यक्ष तारानाथ पहारी, प्रवासी दाजुभाइको तर्फबाट शंकर कोइराला, लगाएत विभिन्न क्षेत्रमा योगदान दिनुहुने ब्यक्तिहरुलाई सम्मान गरिएको थियो । त्यसैगरी आफ्नो ज्यानको माया मारेर सन् २०१० मा एक भारतिय सेनाबाट सेवा निवृत्त भई नेपाल आउने क्रममा रेलमा एक युवतीलाई बचाउने भारतिय सेनाका एक सैनिक बिष्णुकुमार श्रेष्ठलाई विशेष सम्मान गरेको थियो । नयाँ आजिवन सदस्यहरुलाई प्रमाणपत्र प्रदान गर्दै आमा समुहकी अध्यक्ष मैया थापाले सहयोगी संस्था तथा ब्यक्तिहरु प्रती आभार व्यक्त गर्दै फेवाताल ताल सरसफाइमा पर्यटन ब्यबसायी पनि लाग्नुपर्ने ।



सहयोगी संस्था तथा ब्यक्तिहरु प्रति आभार व्यक्त गर्दै आमा समुहकी अध्यक्ष मैया थापाले फेवाताल र लेकसाईड क्षेत्र सरसफाइमा पर्यटन ब्यबसायी पनि लाग्नुपर्ने । समुहकी अध्यक्ष मैया थापाको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचिव भागिरथी थापा क्षेत्रीले र स्वागत समुहकी उपाध्यक्ष शान्ति पहारीले गरेका थिए ।

# गोरखामा राष्ट्रिय परिचयपत्र विवरण सङ्कलन

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ पुस**

जिल्लाका सबै पालिकाबाट राष्ट्रिय परिचयपत्रका लागि विवरण सङ्कलन गरिएको छ ।

दुई नगरपालिका र नौ गाउँपालिका रहेको जिल्लाका सबै पालिकाबाट यही पुस २५ गते उक्त परिचयपत्रका लागि विवरण सङ्कलन अभियान सम्पन्न भएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो । अभियानका क्रममा जिल्लाभरबाट अहिलेसम्म कुल एक लाख १५ हजार नौ सय ८७ जनाको विवरण सङ्कलन भइसकेको उहाँले बताउनुभयो । गोरखा नगरपालिकाबाट १८ हजार आठ सय ३१,पालुङटारनगरपालिकाबाट १८ हजार सात सय ४९, सिरानचोक गाउँपालिकाबाट नौ हजार नौ सय ८६ जनाले राष्ट्रिय परिचयपत्रका लागि फारम भरेको सहायक प्रमुख जिल्ला अधिकारी बरालले बताउनुभयो ।

त्यस्तै अजिरकोट गाउँपालिकाबाट पाँच हजार पाँच सय ९८, आरुघाट गाउँपालिकाबाट आठ हजार ८४, गण्डकी गाउँपालिकाबाट १३ हजार छ सय दुई, धार्चे गाउँपालिकाबाट पाँच हजार नौ सय तीन जनाले फारम भरेका थिए । त्यसैगरी भीमसेन थापा गाउँपालिकाबाट छ हजार छ सय ९५, बारपाक सुलिकोट गाउँपालिकाबाट नौ हजार चार सय ८६, सहिद लखन गाउँपालिकाबाट १४ हजार दुई सय ९० र चुमनुव्री गाउँपालिकाबाट दुई हजार एक सय ३१ जनाले फारम भरेका छन् । त्यसबाहेक अन्य दुई हजार चार सय ३२ जनाले परिचयपत्र बनाएको कार्यालयले सार्वजनिक गरेको विवरणमा उल्लेख छ । गोरखामा गत साउन १५ गतेदेखि राष्ट्रिय परिचयपत्रका लागि विवरण सङ्कलन अभियान सुरु भएको थियो ।

# ठेक्का ओगटेर काम नगर्ने प्रवृत्ति विकासको बाधक : अध्यक्ष तिमिल्सिना

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २८ पुस**

राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले ठेक्का ओगटेर काम नगर्ने प्रवृत्ति विकासको बाधक बनेको बताउनुभएको छ ।

बेनीमा आजदेखि सुरु भएको सातौं म्याग्दी महोत्सव तथा प्रदेशस्तरीय कृषि, पर्यटन, औद्योगिक, व्यापार मेलाको उद्घाटन गर्दै अध्यक्ष तिमिल्सिनाले जनताको समृद्धिको चाहना पूरा गर्न कानुन संशोधन गरेर विकासमैत्री वातावरण बनाउन पहल गरिएको बताउनुभयो । ‘बजेट नभएरभन्दा पनि ठेक्का लिएका व्यवसायीले जिम्मेवार भएर काम नगर्दा धेरै योजनाहरु अलपत्र बनेका पाइएको छ’, उहाँले भन्नुभयो, ‘ठेक्का लिएकाले काम नगर्ने, त्यसलाई हटाउन खोज्दा अदालत गएर अल्झाउने र अलपत्र बनाउने प्रवृत्तिको अन्त्य गर्न कानुन संशोधनमा पहल गरेका छौं ।’ चीनको सिमाना कोरला नाका जोड्ने कालीगण्डकी करिडोरअन्तर्गतको बेनी–जोमसोम–कोरला सडक आयोजनाको स्थलगत निरीक्षण गरी ढिलासुस्तीका विषयमा सरकारको ध्यानाकर्षण गराएको अध्यक्ष तिमिल्सिनाले बताउनुभयो । विसं २०७३ देखि सुरु भएको २०० किलोमिटर सडक कालोपत्र गर्ने योजना विसं २०७६ मा सकिनुपर्नेमा अझै पूरा भएको छैन । दुई हप्ताअघि सो सडकको निरीक्षण गरेर फर्कनुभएका तिमिल्सिनाले भन्सारलगायतका पूर्वाधार र सडक निर्माणलाई पूर्णता दिएर कोरला नाका सञ्चालनको वातावरण बनाउन प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)को ध्यानाकर्षण गराएको बताउनुभयो । ‘कोरला नाका सञ्चालन गर्नसकेमा कालीगण्डकी करिडोर चीन, नेपाल र भारतको त्रिदेशीय व्यापारिक मार्ग बन्ने सम्भावना छ’, उहाँले भन्नुभयो, ‘प्राकृतिक स्रोतसाधनको परिचालन गरेर समृद्धि हासिल गर्न नीतिगत सुधारका लागि हामी प्रतिबद्ध छौं ।’ म्याग्दी, रघुगङ्गा करिडोरमा सडक पूर्वाधार, जडीबुटी, कृषि र पर्यटनमार्फत म्याग्दीलाई समृद्ध बनाउन सकिने अध्यक्ष तिमिल्सिनाको भनाइ थियो । उहाँले बेनीदेखि पर्वतको बगरफाँट जोड्ने पक्की मोटरेबल पुल निर्माण नहुँदासम्मका लागि कालीगण्डकीमा बेलिब्रिज बनाउन ठेक्का प्रक्रिया अघि बढेको जानकारी दिनुभयो ।

कार्यक्रममा संविधानसभा सदस्य गोविन्द पौडेल, नवराज शर्मा, रेशमबहादुर बानियाँ, प्रदेशसभा सदस्य विमला गौचन, बेनी नगरपालिकाका प्रमुख सुरत केसी, रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारी, म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष बेलबहादुर कटुवाल लगायतले म्याग्दीका विकास आयोजना निर्माणमा भएको ढिलासुस्तीका विषयमा राष्ट्रियसभाका अध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको थियो ।

# स्ववियु निर्वाचनको पूर्वतयारीमा लाग्न त्रिविको निर्देशन

**रासस**
**काठमाडौं, २८ पुस**

त्रिभुवन विश्वविद्यालयले स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचन गर्न आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसलाई निर्देशन दिएको छ ।

त्रिवि रजिस्ट्रारको कार्यालय सूचना तथा जनसम्पर्क महाशाखाका प्रमुख योगेन्द्रप्रसाद दाहालले बिहीबार एक सूचना प्रकाशित गरी आगामी चैत ५ गते हुने स्ववियु निर्वाचनको पूर्वतयारीमा जुट्न आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसलाई निर्देशन दिनुभएको हो ।

महाशाखा प्रमुख दाहालले गत पुस २२ को त्रिवि कार्यकारी परिषद्को बैठकको निर्णय नं १७६५ अनुसार पूर्वतयारी गर्न गराउन सम्पूर्ण आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसलाई निर्देशन दिइएको जानकारी दिनुभयो । विसं २०७३ चैत १५ गते केही आङ्गिक क्याम्पसमा मात्र निर्वाचन भए पनि अन्य क्याम्पसमा विसं २०६५ देखि अहिलेसम्म स्ववियु निर्वाचन हुन सकेको थिएन ।